# प्रदेश आर्थिक बुलेटिन

वर्ष १. अंक ५ मंसिर. २०८२




## सम्पादकीय

गण्डकी  प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिने उद्देश्यले २०८ २ साउन  महिनादेखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आ.व.२०८२/८३ को  मंसिर महिनासम्मको  आय-व्ययको विवरण समावेश गरी यो अ  ङ्कको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक  वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को मंसिर महिनासम्म प्रदेशको आन्तरिक राजस्व स ङ्कलनमा ३.७३ प्रतिशतले कमी  आएको छ भने खर्च  समेत  घटेको छ।  नेपाल सरकारबाट प्रदेशलाई प्राप्त हुने अनुदानमा केही  बृद्धि भ एतापनि प्रदेशको समग्र आयमा गत वर्ष मंसिरसम्मको तुलनामा केही कमी आऐको छ।

प्रकाशन तथा सम्पादन

**वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा**

## प्रदेश सरकारको आम्दानीः

१. दुई आर्थिक वर्षलाई तुलना गरी हेर्दा आ.व. २०८२/८३ को मंसिर महिनासम्ममा आन्तरिक आम्दानी तर्फ रु ८ करोड ९४ लाख ८३ हजार, संघबाट प्राप्त अनुदानमा रु १६ करोड ५२ हजार, गत वर्षको नगत मौज्दातमा रु ४७ करोड ६७ लाख ९२ हजारले कम आम्दानी भएको छ भने संघबाट प्राप्त हुने राजश्वमा रु ३२ करोड ८३ लाख २४ हजारले वृद्धि भएतापनि जम्मा आम्दानी रु ३९ करोड ८० लाख ३ हजारले कम रहेको छ।

**तालिका १ : दुई आ.व. को  मंसिर महिना सम्मको राजश्व प्राप्तिको अवस्था (रु करोडमा)**

| विवरण | आ. ब. २०८१/८२ | | आ.व. २०८२/८३ | |
|---|---|---|---|---|
| | वार्षिक लक्ष | आम्दानी | वार्षिक लक्ष | आम्दानी |
| **आन्तरीक आम्दानी** | ५१७.०० | ११४.४३ | ५७३.४४ | १०५.४९ |
| **संघबाट प्राप्त अनुदान** | १३०८.३६ | ५०७.६२ | १२२३.३६ | ४९१.६२ |
| **संघबाट प्राप्त रोयल्टी** | ४८.१० | ०.०० | २२.४० | ०.०० |
| **संघबाट प्राप्त राजश्व** | ९६१.१२ | ३१३.१५ | ९७९.२९ | ३४५.९९ |
| **आन्तरीक ऋण** | १७०.०० | ०.०० | १७५.०० | ०.०० |
| **गत वर्षको नगद मौज्दात** | २९३.२८ | ११८.९७ | २२४.५१ | ७१.२९ |
| **जम्मा** | ३२९७.८६ | १०५४.१८ | ३१९८.०० | १०१४.३८ |

https://mof.gandaki.gov.np mof@gandaki.gov.np

**प्रदेश सरकारको खर्चः**

१. विगतका आर्थिक वर्षहरुमा जस्तै चालु आर्थिक वर्षको यस अवधिमा अपेक्षीत रकम खर्च हुन भने सकेको छैन। प्रदेशको स्रोत प्राप्तिमा आएको संकुचनले खर्च गर्ने क्षमतामा पनि स्वतह रुपमा कमी आएको छ। अघिल्लो आर्थिक वर्षमा मंसिर महिना सम्मको खर्च यस आर्थिक वर्षमा भन्दा केहिले बढी हुन गएको छ। भदौ २३/२४ को जेनजी आन्दोलनबाट बिभिन्न कार्यालय/निकाय तथा मन्त्रालयका भौतिक संरचना, कर्मचारी कार्यकक्ष, मेसिनरी औजार आदिमा भएको क्षतिले यस अवधिमा कार्य सम्पादनले गति लिन सकेको अवस्था भने छैन।

२. आर्थिक वर्ष २०८२/८३ को मंसिर महिना सम्म जम्मा चालू तर्फ (स्थानीय तह समेत) रु २ अर्ब ७ करोड ५३ लाख २० हजार ८ सय ६९ र पूँजीगत तर्फ रु १ अर्ब ८३ करोड ६५ लाख ३८ हजार ३ सय ९१ गरी जम्मा रु ३ अर्ब ९१ करोड १८ लाख ५९ हजार २ सय ६० मात्र वित्तीय प्रगति भएको छ। सो प्रगति गत आर्थिक वर्षको सोही अवधिको प्रगति संग तुलना गर्दा रु ६० करोड ५१ लाख १ हजार २ सय ९० ले कमी हुन आउछ।

३. गत आर्थिक वर्षको मंसिरसम्ममा जम्मा विनियोजनको १३.६९ प्रतिशत खर्च भएकोमा यस आर्थिक वर्षको सोही अवधिमा १२.२३ प्रतिशत मात्र खर्च भएको छ।

तालिकाः २ तिन आर्थिक वर्षको खर्च विवरण ( रु हजारमा)

| महिना | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०८०/८१ | | | | २०८१/८२ | | | | २०८२/८३ | | | |
| | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह |
| **श्रावण** | २४४८.५० | २६०१३.८४ | ०.०० | ०.०० | १३६२८.०८ | ४९७९१.८३ | ०.०० | ०.०० | १४२१२.५१ | ४३३५५.३५ | ०.०० | ०.०० |
| **भाद्र** | २६२८४८.५६ | ७६२८३७.२७ | ०.०० | १५९७७२.५० | ३०४९१०.६८ | ५७८६८९.८७ | ०.०० | २७१३३६.२५ | ३१९८१०.३० | ५१४६६५.४६ | ०.०० | ३७२२०.२५ |
| **असोज** | ६९३५३०.८२ | ९३९०२२.०२ | ०.०० | २९१६४४.१३ | ६४४३६६.०७ | ९७४९३६.७५ | ०.०० | ३१३१९५.०० | ५८६८८६.७१ | ९७०७७३.६४ | ०.०० | १६९१९१.५० |
| **कार्तिक** | २३९८९३.२९ | १३५४५७.०२ | ०.०० | १४६०५६.०० | २५००३१.२८ | १४२७०९.१२ | ०.०० | ११८४०१.०० | २३३०२२.७७ | ७०६९५.६६ | ०.०० | ११२३९७.५० |
| **मंसिर** | २९९६८६.९६ | २६९३९५.११ | ०.०० | २०६८९१.०० | ३८८२१९.६९ | ३९०१०८.४३ | ०.०० | ७६६३६.५० | ३२०९११.३४ | २३७०४८.२९ | ०.०० | २८१६६८.०० |
| **जम्मा खर्च** | १४९८४०८.१३ | २१३२७२५.२७ | ०.०० | ८०४३६३.६३ | १६०११५५.८१ | २१३६२३५.९९ | ०.०० | ७७९५६८.७५ | १४७४८४३.६२ | १८३६५३८.३९ | ०.०० | ६००४७७.२५ |
| **विनियोजन** | १०६३१२३८.०० | २०१९०४६२.०० | ५००००.०० | २१०५५००.०० | १११५००६०.०० | १९५१७९९३.०० | ३०००००.०० | २०१०५२२.०० | १०६३५६१६.०० | १९०९३३२४.०० | २५००००.०० | २००१०५९.०० |
| **खर्च प्रतिशत** | १४.०९ | १०.५६ | ०.०० | ३८.२० | १४.३६ | १०.९४ | ०.०० | ३८.७७ | १३.८७ | ९.६२ | ०.०० | ३०.०१ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

४. तिन आर्थिक वर्षको विनियोजनको आधारमा खर्च प्रतिशतलाई तुलना गर्दा वित्तीय व्यवस्था तर्फ कुनै पनि रकम खर्च नहुँदा चालु, पूँजीगत र स्थानीय तहमा आर्थिक वर्ष २०८१/८२ मा अन्य आर्थिक वर्ष भन्दा बढी खर्च भएको देखिन्छ।

